**प्राथमिकता:**

**नीति तथा कार्यक्रम लाई तपसिल बमोजिमका प्राथमिकतामा राखेका छौं।**

१. कृषि, पशुपालन तथा सिचाई
२. शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई पोषण तथा खाद्य सुरक्षा
३. उद्योग, पर्यटन तथा भौतिक पूर्वाधार
४. श्रम तथा रोजगार
५. जलवायू परिवर्तन, वातावरणीय सन्तुलन तथा विपद व्यवस्थापन
६. लैङ्गिक समानता, महिला सशक्तिकरण तथा सामाजिक उत्थान
७. आन्तरिक राजस्व वृद्धि, पूँजी निर्माण तथा वित्तिय अनुशासन
८. न्याय तथा मध्यस्थता
९. सूचना तथा सन्चार प्रविधि
१०. व्यवस्थित बसोवास तथा भूमि व्यवस्थापन
११. विद्युतिकरण
१२. सहकारीताको विकास।

**क्षेत्रगत नीतीहरु**

## १. कृषि, पशुपालन तथा सिचाई सम्बन्धी नीति तथा कार्यक्रम

१. स्थानिय फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिने निति लिईनेछ।
२. रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ।
३. उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै विचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको गाउँपालिका भित्र समर्थनमुल्य निर्धारण गर्ने निति लिईनेछ।
४. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माणका लागि कार्यक्रम ल्याईनेछ।
५. मासु पसल तथा बधशालाहरुको स्तर उन्नति गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।
६. तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी, बगरखेती र कौशी खेतीको लागि तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गर्ने निति लिईनेछ।
७. आर्थिक विकासको लागि निम्नअनुसारको कार्यक्रम सन्चालन गर्ने नित लिईनेछ।
   क. केरा पकेट क्षेत्र, उन्नत तथा व्यवसायीक पशुपालनको पकेछ क्षेत्र, मौसमी वेमौसमी व्यवसायीक तरकारी खेति, उत्पादनको ब्रान्डिङ्ग गर्ने तथा पर्यटन विकासको गुरुयोजना तयार गर्ने।
८. अध्यक्ष कृषि यान्त्रिकरण कार्यक्रम लागु गरिनेछ।

९. स्ट्रेट वोडिङ्ग जडानको जग्गा प्लान्ट पहिचान गरी सो को लागि प्रदेश तथा संघिय सरकारमा पहल गरिनेछ।

१०. रासायनिक मल को उपलब्धताका लागि आवश्यक पहल गरिनेछ।

११. रासायनिक मल तथा विषादीले जग्गामा भई रहेको अम्लियपन र जनमानसमा परी रहेको नकारात्मक प्रभाव लाई न्यूनीकरणका लागि प्राङ्गरिक तथा जैविक विषादी उत्पादन तथा प्रयोगमा जोड दिइनेछ।

१२. टेङ्ग्रा खोलाको खेर गई रहेको पानी आवश्यक ठाउँमा बाँध बाँधी सिचाईका लागि उपयोग गर्न प्रदेश तथा संघिय सरकारमा पहल गरिनेछ।

१३. सहकारी सामुहिक कृषि प्रणालीमा खेती गर्ने किसान लाई प्रोत्साहित गरिनेछ।

१४. साझा / सहकारीको अवधारणा लाई पुर्नजिवित गरी सो लाई बढावा, दिइनेछ।

१५. मेवा पकेट क्षेत्र विस्तार गरिने।

१६. निर्माणधिन बर्जु सिंचाई आयोजनाको काममा तिव्रताका लागि आवश्यक पहल गरिने छ।

१७. टेङग्रा खेलाको खेर गई रहेको पानी आवश्यक ठाउँमा बाँध निर्माण गरी सिंचाईको लागि उपयोग गर्ने ।प्रदेश तथा संघिय सरकार संग पहल गर्ने।

१८. व्यवसायिक पशुपंक्षी तथा माछापालन कार्यक्रममा अनुदानको कार्यक्रम ल्याईने छ ।

१९. गाई भैंसी पालक किसानको साझेदारीमा डेरी संचालन गर्नको लागि अनुदानको व्यवस्था गर्ने निति लिईनेछ।

२०. बाली उपचार शिविर संचालन गर्ने निति लिईनेछ।

२१. सहकारीमा आधारित सामुहिक खेती कार्यक्रम संचालन गर्ने र बाली उपचार शिविर संचालन गर्ने निति लिईनेछ

२२. प्रदेश र केन्द्रहरु संग समन्वय गरी कृषि तथा पशुपंक्षी कार्यक्रमहरुको योजना संचालन गर्ने निति लिईनेछ।

**१. शिक्षा**

१. खुल्ला प्रतिस्पर्धा मार्फत सामुदायिक विद्यालयका प्रधानाध्यापक छनौट प्रक्रिया अगाडी बढाइनेछ।

२. विद्यालयको बार्षिक कार्यसम्पादनको मापदण्ड निर्धारण गरी प्राप्त अकंका आधारमा प्रथम द्धितीय र तृतीय उत्कृष्ट विद्यालयलाई पुरस्कारको व्यवस्था गरिनेछ।

३. विद्यार्थी संख्याको आधारमा शिक्षक अभाव भएका विद्यालयहरुमा स्वंयमसेवक शिक्षकको व्यवस्थापन गर्न बजेट विनियोजन गरिनेछ।

४. बालविकास कक्षा भन्दा माथि र कक्षा १ भन्दा तल एउटा कक्षाको सिर्जना गरी आधारभूत तहको मजबुत आधार निर्माण गर्ने प्रक्रिया अगाडी बढाइनेछ।

५. प्रत्येक विद्यालयमा खेलकुद शिक्षकलाई प्रशिक्षक प्रशिक्षण तालिकको व्यवस्था गर्न बजेट विनियोजन गरिनेछ।

६. प्रत्येक शुक्रबारलाई अतिरिक्त क्रियाकलाप दिनको रुपमा लिइ विद्यार्थीको सम्भावना र प्रतिभा पहिचान गर्ने प्रणालीको विकास गर्दै लगिनेछ।

७. शिक्षण सिकाइ सुधारलाई दिगो बनाउन नियमित सुपरीवेक्षण कार्यलाई निदानात्मक बनाइनेछ।

८. अभिभावक जागरण अभियानलाई  शैक्षणिक सुधारकोअभिन्न अंगको रुपमा कार्यक्रम सन्चालन गरिनेछ।

९. सामुदायिक विद्यालयहरुमा उपस्थित वास्तविक विद्यार्थीको गणना गरिनेछ।

१०.शिक्षकलाई तहगत अनुसारको प्राविधिक तालिम दिईनेछ।

**११.** विश्र्त्रित कार्ययोजना सहितको वार्षिक शैक्षिक क्यालेन्डर प्रकाशित गरिनेछ।

१२. **"सक्षम शिक्षक, सक्षम विद्यार्थी , र सक्षम विद्यालय"** बनाउन शिक्षकको विषयगत तालिम तथा पेशागत विकासका कार्यक्रमलाई अनिवार्य गरिनेछ।

१३. अध्यक्ष संग बालबालिका कार्यक्रमको निति लिईनेछ।

१४. उपाध्यक्ष छात्रवृती कार्यक्रम संचालन गरिनेछ।

**२. स्वास्थ्य**

१. वालअधिकार संरक्षण गर्न ५ बर्ष सम्मका सम्पुर्ण वालवालिकाहरुले उपलब्ध सबै प्रकारकाखोप लगाएको सुनिश्चित गरिनेछ।

२. पोषण सेवालाई सुद्धढ गरि सम्पुर्ण वालवालिकाको पोषण स्थितिको लेखा जोखा गरी कुपोषण मूक्तपालिकाबनाईनेछ।

३. नागरिकहरुलाई मृगौला,मुटु,उच्च रक्तचाप,मधुमेह, क्षयरोग , कुष्ठरोग , एच.आइ.भि.एड्स र अन्यमहामारी रोगहरुको खोज पड्ताल गरी निःशूल्कउपचारको ब्यवस्था गर्ने खोज र नष्ट कार्यक्रम (Search & Destroy) बिस्तार गरि डेङगु रोग नियन्त्रण गरिनेछ।

४. अस्पतालतथा प्रसुति केन्द्रमागर्भवतीतथा सुत्केरी महिलाहरुलाई सम्पुर्ण स्वास्थ्य सेवातथाएम्बुलेन्स सेवा निःशूल्क गरिनेछ। नो होम डेलिभरि कार्यक्रम मार्फत वर्थिङ्ग सेन्टर र स्वास्थ्य सेवालाई स्तरोन्ती गर्ने व्यबस्थामिलाईने छ।

५. गरिब ,अति गरिब , पिछडिएका वर्ग , एकलमहिलातथा जेष्ठ नागरिकहरुको र महिला स्वास्थ्य स्वयं सेविकाहरुको स्वास्थ्यविमानिःशूल्क गरी स्वास्थ्य सुरक्षाको अनुभूतिदिइनेछ।

६. स्वास्थ्य संस्थाहरुहरुद्धारा प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर मापन गरि सुद्धढ गरिनेछ। साथै स्वास्थ्य संस्थावाटै सुचनाप्रवाह गरिने ब्यवस्थाको विकास गरिनेछ।

७. गाउँपालिकाका सम्पुर्ण स्वास्थ्य चौकीहरुमा CCTV Camera जडान गरि गाउँपालिका बाट निगरानी गरिने छ।

८. पाठेघर खस्ने र Servical Cancer को लागि निःशूल्करुपमा निदान र उपचारको ब्यवस्था गर्न सबै सरकोर निकायहरु संग समन्वय गरिनेछ।

९. प्रत्येक घरमा शुद्ध खानेपानितथाशौचालयको सरसफाइलाईउच्चप्राथमिकतादिइनेछ।

१०. जनताको स्वास्थ्यलाई ध्यानमा राखी सरकारी तथानिजि स्वास्थ्य संस्थाहरुलाई जनताले अनुभूतिहुने गरि नियमन गरी गुणस्तर स्वास्थ्यमा जोड दिइनेछ।

११. बढ्दो नसर्ने रोगहरुको नियन्त्रण गर्न नितिबनाई कार्यन्वयन गरिनेछ। नसर्ने रोग साथै डाइलासिस र क्यान्सर जस्ता कडा रोगहरुको सुलभ तरिकाले भूक्तानीको ब्यवस्था गरी सामाजिक सुरक्षालाई बिस्तार गर्दै लगिनेछ।

१२. प्रत्येक विद्यालयहरुमा प्राथमिक उपचारको लागि शिक्षकहरुलाई तालिमको व्यबस्थापन गरी आवशयक औषधीहरु सहित किटको व्यबस्थापन गरिने छ।साथै सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ्य परिक्षण गर्ने व्यबस्था मिलाईने छ।

१३. महिला स्वास्थ्य स्यंमसेविकाहरुको दक्षता विकाश तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याईने छ। सेवानिवृत्त स्वयं सेविकाहरुलाई रु.२००००। (विस हाजार) प्रोत्साहन को व्यबस्थामिलाईने छ।

१४. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवाविस्तारका लागि सार्वजनिक संस्थानिजि क्षेत्र र गैरसरकारी संस्थाहरु संग सहकार्यको नितीलाई निरन्तरतादिईने छ।

१५. पिछडिएका समुदायहरुमाप्रत्येक महिना १ पटक निःशुल्क स्वास्थ्य जाँच तथा उपचारको व्यबस्थापन गरिने छ।

१६. स्वास्थ्य चौकीहरुमा ल्याव सेवाविस्तार तथा संचालनका लागि विशेष व्यबस्था मिलाईने छ।

१७. जेष्ठ नागरिक संग स्वास्थ्यकर्मि कार्यक्रम लागु गरिन्छ।

१८. स्वास्थ शिविर - दन्त, आँखा, नाक, कान र घाँटी जाँच शिविर संचालन गरिनेछ।

१९. योग शिविर संचालन गरिनेछ।

२०. गुणस्तरिय औषधिहरुको आपूर्ति लाई अध्यन अनुगमन व्यवस्थापन गर्ने। प्रभावकारी रूपमा गर्ने व्यवस्था मिलाईनेछ।

२१. चिमडी र सितागंज स्वास्थ्य चौकी हरुमा २४ घण्टे सेवा संचालन गरिनेछ।

**२२.** गर्भावस्थामा नै पौष्टिक आहर वितरण, स्वास्थ्य परीक्षण, मातृत्व शिक्षा, शिशु स्याहार को जानकारी दिने कार्यक्रमका साथै गर्भवती सबै महिलाले स्वास्थ्य केन्द्रमा गई प्रशुति गराउनका लागि प्रोत्साहन भत्ता का साथै नि:शुल्क एम्बुलेन्स को व्यवस्था गरिनेछ।

**२३.** सहकारी तथा निजी अस्पताल संचालन का लागि विशेष पहल गरिनेछ।

**२४.** स्वास्थ्यका लगि हानिकारक खाद्य पदार्थको नियमन, सबै खाद्य बस्तुको मापदण्ड निर्धारण र गुणस्तर को समय समयमा अनुगमन गरिनेछ।

२५. स्वास्थ्य विमालाई प्रभावकारी बनाउने दलित तथा सिमान्तकृत वर्गका लागि स्वास्थ्य विमामा ५० प्रतिशत सहुलियत को व्यवस्था गरिनेछ ।

२६. स्वयंवेविकाहरुको सेवा प्रतिको जिम्मेवारीमा बृद्धि विकास गर्दै सेवा सुविधाहरु थप गरिदै लगिनेछ ।

२७. जनस्वास्थ्य व्यवस्थापन का लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ शिशु मृत्यू दर घटाई औषत आयु बढाउने नीति अवलम्बन गरिनेछ ।

२८. वैकल्पिक स्वास्थ्य सेवा पद्धति ( आयुर्वेद, होमियोपेथी, नेचुरोप्याथी ) लाई संरक्षण र सम्वर्द्धन गरिनेछ ।

२९. स्वास्थ्यका दृष्टिकोणले संवदेनशील बाल बालिका, महिला गरी मनोसामाजिक विमर्शमा जोड दिइनेछ ।

३०. बर्जु वासीको स्वास्थ्य सेवा लाई थप व्यवस्थित वनाउन व्यायाम शाला, आरोग्य केन्द्र स्थापनामा जोड दिइनेछ ।

३१. यस बर्जु गाउँपालिकाको वडा नं. ३ र ४ को स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर निर्माणलाई प्राथमिकतदा दिईनेछ ।

३२. होमीयोपैथी र आयुरेवेदिक चिकित्सा प्रणालि आ.व. २०८०/८१ देखि संचालनमा ल्याईने छ ।

**३. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम**

१. औधोगिक तथा ब्यावसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ । औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ ।

२. औधोगिकग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिनेछ । गाउँपालिकाको जनताको मागलाई मध्यनजर गर्दै सबै प्रकारका सुरक्षा सुनिश्चितताका साथ स्थानीय सरकार र उद्योग वाणिज्य संघसँगको सहकार्यमा सघन बजार व्वस्थापन गरिनेछ ।

३. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

४. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ।

५. सम्पूर्ण स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुराइने निति लिईनेछ।

६. विशेष आर्थिक क्षेत्र (SEZ) को स्थापना का लागि सम्बन्धित निकायहरुमा आवश्यक पहल,पैरवी समन्वय र सहयोग गरिनेछ ।

७. सहकारी शिक्षा,सुशासन तथा नियमनको कार्यक्रम संचालन गरिनेछ ।

८. आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेहिता र प्रतिस्पर्द्धा कायम गर्न नियमनको व्यवस्था गर्दै गाउँपालिकाको विकासमा प्रोत्साहन र परिचालन गरिनेछ ।

९. कालोबजारी गर्ने, कृत्रिम अभाव सृजना गरी उपभोक्ता आंतकित गर्ने, प्रतिस्पर्द्धा नियन्त्रण गरी अनुशासन कायम गरी उपभोक्ताकोहित संरक्षण गरिनेछ ।

१०. वैदेशिक रोजगारमा रहेका नेपालीहरुको ज्ञान,शीप,प्रविधि र पूँजी लाई उत्पादनमुखी कार्यक्रम लगानी गर्न प्रोत्साहित गर्ने स्थानीय विकासमा जोड दिइनेछ ।

११. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

१२. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजालको कार्यान्वयन प्रारम्भ गरिनेछ।

**१३.** गाउँपालिका र वाहिर अन्य गाउँपालिका/नगरपालिका संग सहकार्य गरी नेपाल पर्यटन बोर्डको सहलगानीमा साविकका प्याकेजमा सुधार सहित नयाँ प्याकेजको निर्माण तथा कार्यान्वयन गरिनेछ।

**१४.** बर्जु गाउपालिका तथा पर्यटकीय स्थलको प्रचार प्रसारको लागि डकुमेन्ट्रि प्रशारण र ब्रोसरहरुको वितरण गर्ने निति लिईन्छ ।

१५. केशलिया खोला,बुढी खोला र टेङ्ग्रा खोलामा आर्यघाट को निर्माणका लागि पहल गरिनेछ ।

१६. पर्यटकीय योजना तयार गरी यस गाउँपालिकाको राजस्व अभिवृद्धि गरिनेछ ।

१७. कला,संस्कृति,साहित्य,भाषा,धर्म तथा सांस्कृतिक धरोहरहरुको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्न नेतृत्वदायि भूमिका निर्वाह गरिनेछ ।

१८. पर्यटन सेवा,सुविधा, विकास र विस्तारका लागि नीजि क्षेत्रको लगानी आकर्षित गरिनेछ।

१९. निजी क्षेत्रद्धारा संचालित पर्यटकीय स्थलहरु लाई तोकिएकै क्षेत्रमा व्यवस्थित गरी संचालन गर्न अभिप्रेरित गरिनेछ ।

२०. पर्यटकीय स्थलको आसपास होटेल व्यवसाय,होमस्टे, रिसोर्ट, पार्क संचालन गर्न सहयोग गरिनेछ ।

२१. गाउँपालिका मा संचालित निजी तथा सरकारी पर्यटकिय स्थल सम्म सहज पहुँज को आवागमन का लागि लिङ्क सडक हरुको पहिचान गरी विस्तार र स्तरोन्नती गरिनेछ ।

२२. बर्जु तालाई पर्यटकीय स्थलको रूपमा विस्तार गरिनेछ ।

२३. बर्जुमा रहेका अन्य ताल, पोखरी लगायतका पर्यटकीय स्थललाई विस्तार गरिनेछ ।

## ५. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१. स्थानीय पालिकाको कुल बजेटको कम्तीमा १% रकम सहकारी क्षेत्रको नियमन तथा प्रवर्द्धनका लागी विनीयोजन गरीनेछ।

२. स्थानीय ऐन तथा नियम अनुरुप कार्यबिधिहरु तर्जुमा एंव परिमार्जन, अनुगमन तथा निरिक्षण, पृष्ठपोषण गरी पालिका भित्र रहेका सहकारी संस्थाहरुमा स्वनियमन तथा प्रभावकारी सुशासन कायम गर्न महासंघ संग सहकार्य गर्ने गरी आवश्यक बजेट बिनियोजन गरीनेछ।

३. सहकारी संस्थाहरुको नियमन प्रवर्द्धनमा संलग्न कर्मचारीहरु, सञ्चालक समिति, लेखासुपरिवेक्षण समिति, सहकारी कर्मचारीहरु र सदस्यहरुको तालिम, गोष्ठी, शीक्षा अनुभव आदान प्रदान लगायतका क्षमता बिकासमा कार्यहरुका लागि बजेट विनियोजन गरीनेछ।

४. कृषि मल, विउ/विजन वितरण, कृषि सिंचाई, कुलो, बाँध निर्माण, लिप्ट सिंचाई, डिपबोरीङ, कृषि सडक निर्माण, सोलर, वाटरपम्प, शितभण्डार तथा सङ्कलन केन्द्र निर्माण, कृषि औजार उपकरण ढुवानी साधन लगायतका उत्पादन वृद्धि, भण्डारण प्रसोधन तथा वस्तु बजारीकरणमा सहयोग पुर्याउने कार्यक्रमहरु अगाडी बढाउन सहकारी संस्थाहरु सँग सहकार्य गरीनेछ।

५. फलफूल, वहुबर्षिय नगदेवालीका लागि विरुवा सहितको नर्सरी प्रवर्द्धन, करेसावाली तथा कौशीखेती लगायत हरित उद्दमको विकास गर्न सहकारी क्षेत्रको भुमिका लाई अभीवृद्धि गर्न अवश्यक नीति कार्यक्रम तथा बजेटको व्यवस्था गरीनेछ।

६. वृक्षारोपण, हरित उद्यान स्थापना तथा जैविक फलफूल खेती प्रवर्द्धन, वायोग्यास, घरेलु सौर्य उर्जा, लघुजलविद्युत, सुधारिएको चुल्हो लगायत वन तथा वातावरण संरक्षण, जलवायु अनुकुल कार्यक्रमहरु तर्जुमा गरी सहकारी संस्थाहरुको सहकार्यमा कार्यान्वयन गरीनेछ ।

७. स्थानीय स्तरमा उत्पादीत कृषि उपजहरुलाई राजधानी र प्रदेशका मुख्य सहरहरु तथा देशका अन्य भागहरुमा बजारीकरणको लागी सहकारी बजार बिकास गर्न नीति ल्याईनेछ ।

## ६. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका सम्पुरण वडा, स्वास्थय चैकी, विद्यालयहरुमा फाईबर ईन्ट्रानेट जडान गरि गाउँपालिकाबाट CCTV Camera तथा कार्यलयहरुको ई हाजिरि व्यवस्थापन गरि गाउँपालिकाबाट निगरानि गरिने छ ।

२. गाउँपालिकाको मुख्य चोकहरुमा Free Wifi जडान गरिने छ ।

३. गाउपालिकाको पाश्व चित्र (Digital LG Profile) निर्माण गरिने छ

४. गाउपालिकाको आवधिक योजनाको आधारमा योजना बैंक निर्मण गरिने छ ।

५. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App)तयार गरी लागु गरिनेछ

६. पत्रकार महासंघकोसहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने निति लिईनेछ ।

७. नेपाल टेलिभिजनसँगको सहकार्यमा सञ्चालित "हाम्रो गाउँपालिका" टेलिभिजन प्रसारण कार्यक्रम सञ्चालन गर्ने निति लिईनेछ ।

८. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

९. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

१०. विद्युतीय शासन को अवधारणको प्रवर्द्धनमा जोड दिइनेछ ।

११. भू-सूचना प्रणालीको विकास तथा व्यवस्थापन गरिनेछ ।

## ७. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।
४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।
५. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ **डिजिटल जस्टिस सिस्टम** तयार गरी लागु गरिनेछ ।
६. स्थानीय शान्ति समिति, सामुदायिक मेलमिलाप जस्ता संस्थाहरुसँग समन्वय गरी न्याय सम्बन्धि कार्य व्यवस्थापन गरिनेछ ।
७. न्यायलयमामा स्थानिय जनताको पहुँचमा सुनिश्चितता र छिटो छरितोपना ल्याइनेछ ।
८. सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपायहरु अवलम्बन गरिनेछ ।
९. असहाय, ज्येष्ठ नागरिक अनाथ बालबालिका दलित विपन्न तथा गरीबका लागि न्यायिक प्रक्रिया लाई निःशुल्क सेवा प्रदान गरिनेछ ।

## ८. सुशासन / सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धि निति

१. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीकोबक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।
२. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।
३. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएक क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
४. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।
५. गाउँपालिकाबाट प्रवाहहुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।
६. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।
७. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन “हाम्रोगाउँपालिका”नामको मोबाइल एप्स निर्माण गरि वडापत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाई जोन बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।
८. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा , पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

९. सडक फुटपाथमा हुने अव्यवस्थित पार्किङ्ग निर्माण सामाग्री भण्डारण र फुटपाथ पसलहरुको अनाधिकृत प्रयोगलाई निरुत्साहित गर्दै उचित व्यवस्थापन र नीजि क्षेत्रको सहकार्यमा उपयुक्त पार्किङ्ग स्थलहरु पहिचान गरी सञ्चालन गर्ने निति लिईनेछ।

१०. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइने निति लिईनेछ।

११. गाउँपालिकाभित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गर्ने प्रबन्ध मिलाईनेछ।

१२. गाउँपालिकाभित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गर्ने निति लिईनेछ ।

१३. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१४. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१५. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गर्ने निति लिईने छ ।

१६. कार्यालय भित्र हुन सक्ने अनियमितता लाई रोक्न शून्य सहनशीलता को नीति अवलम्वन गरिनेछ । सेवा प्रवाहमा पारदर्शिता एवम् जवाफदेहिता कायम गर्न गुनासो सुनुवाई ,उजुरी व्यवस्थापन लाई शिघ्र प्रभावकारी बनाइनेछ ।

१७. कर्मचारी पदाधिकारी सुशासन आचार संहिता निर्देशिका लागू गरिनेछ ।

१८. गाउँपालिका को सार्वजनिक सेवा प्रवाह लाई जन उत्तरदायी , जनमैत्री बनाउन सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, जन प्रतिनिधि सँग सम्वाद र प्रत्येक महिनाको आय-व्यय विवरण वेबसाईटमा प्रकाशित गरिनेछ ।

१९. घर वहाल कर संचालन कार्य लाई प्रभावकारी ढंग ले अगाडी बढाइनेछ ।

२०. राजस्व असुल उपर गर्न तथा अन्य प्रशासनिक क्रियाकलापका लागि यसै आ.व.देखि घुम्ती सेवा संचालन गरिनेछ ।

२१. करको दायरा लाई फराकिलो बनाउँदै लगिने र करका नयाँ संभावनाहरुको खोजी गरिने साथै कर तिर्न प्रोत्साहित गरिनेछ ।

२२. आन्तरिक श्रोत वृद्धीको लागि प्राकृतिक श्रोत साधन को उतम उपयोग गर्नका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्यांकन लाई प्रभावकारी बनाइनेछ ।

२३. नागरिक वडापत्र र गाउँ पालिका र वडा कार्यालयले सेवा प्रदान गर्ने काममा ज्येष्ठ नागरिक, अशक्त र महिला लाई विशेष प्राथमिकता दिइनेछ ।

२४. कर्मचारी कल्याणकारी कोष सम्बन्धी कानुन तर्जुमा गरी सो सम्बन्धी कोषलाई व्यवस्थापन गर्ने ।

२५. यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य पुरागरी गाउँपालिकालाई आवश्यक परने कर्मचारीहरुको दरबन्दी एकिन गरीने छ । दरबन्धि भित्र रहेका करारका कर्मचारीहरु लाई लोकसेवा आयोगबाट पद पुर्ति नभईन्जेल सम्मको लागि मात्र निरन्तरता दिईनेछ ।

२६. राम्रो कार्य सम्पादनको आधारमा राम्रो काम गर्ने कर्मचारीहरुलाई हौसला बृद्धि गर्न पुरश्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२७. कर्मचारीलाई उपलब्ध गाराउँदै आएको  ईन्धन खर्च रकम कर्मचारीको खातामा पठाईने व्यवस्था मिलाईनेछ ।

## ९. खानेपानी तथा सरसफाई

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ ।

२. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

३. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

४. घर बाट निस्किने फोहोर मैला लाई वर्गीकरण गरी श्रोतमानै व्यवस्थापन गर्न सक्ने जस्ता जनचेतना मूलक कार्यक्रमहरु वडा स्तरमै संचालन गरी न्यूनिकरण तर्फ अघि बढाईनेछ ।

५. प्रत्येक हाट बजार चौक सडक को सरसफाईको व्यवस्था मिलाइनेछ ।

६. स्वास्थ्य सेवाजन्य फोहोर श्रोतमानै व्यवस्था गर्न सकिने नीति अवलम्वन गरिनेछ ।

७. खुल्ला दिशामुक्त तथा पूर्ण सरसफाई मुक्त क्षेत्रको अनुगमन गरी कडाईका साथ पालना गराइनेछ ।

८. शुन्य फोहर प्रणाली सरसफाइ केन्द्र मार्फत आधुनिक प्रविधि अपनाइ वहुउपयोग (विटुमिन, प्लाष्टिक ब्लक) गरिनेछ ।

९. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

१०. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गर्ने निति लिईनेछ।

११. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइने निति लिईनेछ।

१२. खानेपानी तथा सरसफाइको सेवालाइ प्रभावकारी वनाउन प्रारम्भिक पानी परिक्षण गर्ने निति लिईनेछ ।

## १०. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ नियुनिकरण गर्ने निति लिईनेछ ।

२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।
३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गर्ने निति लिईनेछ ।
४. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।
५. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गर्ने नित लिईनेछ ।
६. बर्जु गा.पा.लाई चरा मार्न निषेधित क्षेत्र घोषणा गरिनेछ ।
७. बर्जु तालको सरसफाई तथा भौतिक संरचना र विभिन्न वडाहरुमा रहेका एक अर्का वडा र अन्य गा.पा.जोडने सडक स्तर बृद्धि का लागि प्रदेश र संघ सरकार सँग आवश्यक पहल गरी निर्माण गरिनेछ ।
८. १ जन्मको आधारमा ५ विरुवा रोप्ने निति लिईनेछ ।
९. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनस्र्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।
१०. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइने निति लिईनेछ।
११. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गर्ने निति लिईनेछ।
१२. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गर्ने निति लिईनेछ।
१३. जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गर्ने निति लिईनेछ ।

**११. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति**

१. आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
२. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गर्ने निति लिईनेछ ।
३. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ निति लिईनेछ ।
४. आवासको हकलाइ सुनिश्चत गर्न सुरक्षित तथा रोजगारीको समेत ब्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वियन गरिनेछ । यसका लागि निजीक्षेत्र संग साझेदारी समेत गर्न सकिनेछ ।
५. एकिकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

६. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिकागौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

७. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिने निति लिईनेछ।

८. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक इवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

९. गाउँपालिका क्षेत्र भित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ। आवासीय भवनमा “एक घर-पाँच विरुवा” नीतिलाई निरन्तरता दिइनेछ।

१०. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

११. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

१२. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१३. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार गर्ने निति लिईनेछ।

१४. “एक वडा-एक पार्क” निर्माण नीतिलाई निरन्तरता दिइनेछ।

१५. गाउँपालिका भित्रमा घटिमा दुई वटा नर्सिरी स्थापना गर्ने निति लिईनेछ।

१६. गाउँपालिकाको सीमा क्षेत्र यकिन गर्ने निति लिईनेछ।

१७. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गर्ने निति लिईनेछ।

## १२. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गर्ने निति लिईनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ।प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

५. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

६. विगतदेखि लिज वा वहालमा लगाइएका गाउँपालिकाको स्वामित्वमा रहेका संरचनाहरुको हाल प्रचलित बजार दर समेतलाई आधार मानी बहाल रकम पुनरावलोकन गरिनेछ।

७. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको मोबाईल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

८. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

९. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ ।

१०. गाउँपालिका क्षेत्र भित्र लाग्ने भेला, उत्सव, विभिन्न खेल,जादु सर्कस आदि जस्ता प्रदर्शनी संचालनका लागि अनिवार्य रुपमा  वडा समितिको कार्यालय वाट माग भई आएमा गाउँपालिकाले तोकिएको शुल्क लिई संचालनका लागि अनुमति दिइनेछ ।

११. कर दस्तुर को पूर्ण जानकारी  तथा फारामहरु वेबसाईटमा राखिने छ । कर हट लाइनको व्यवस्था गरिनेछ ।

## १३. लैङ्गिक समानता, महिला सशक्तिकरण तथा सामाजिक उत्थान र सामाजिक न्याय कार्यनीती:

१. सबै प्रकारका भेदभाव उन्मूलन, नागरिक स्वतन्त्रता लगायतका मौलिक हकहरुको कार्यान्वयन एवम कानूनी राज्यको मूल्य र मान्यतालाई स्थापित गर्ने नीती अख्तियार गरिनेछ ।

२. समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति रिवाज तथा संस्कारको नाउँमा हुने विभेद, असमानता शोषण र अन्यायको अन्त्य गरिनेछ ।

३. जोखिममा परेका, सामाजिक र पारिवारिक वहिस्करण मा परेका तथा हिंसा पिडित महिला लाई पुर्नस्थापना, संरक्षण र सशक्तिकरण गरीस्वावलम्बी बनाइनेछ ।

४. गाउँपालिका भित्रका महिला, किशोर किशोरी हरु लाई प्रजनन स्वास्थ्य एवं स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम संचालन गर्ने नीतीलिइनेछ ।

५. महिलाहरूको शीप विकास तथा क्षमता अभिवृद्धि गरी आर्थिक रुपमा आत्मनिर्भर बनाउने नीती अवलम्बन गरिनेछ ।

६. बाल विवाह, बाल श्रम शोषण, महिला हिंसा, लैङ्गिक हिंसा दाइजो प्रथा जस्ता समाजमा विद्यमान प्रथा हरु लाई समाजबाट पूर्ण रुपमानिर्मूल पार्न विभिन्न अभियानहरु तथा सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

७. फरक क्षमता भएका तथा अपाङ्ग समुदाय, दलित उत्पीडित, आदिवासी, जनजाती, मधेशी, मुस्लिम, पिछडिएका वर्ग, विपन्न वर्ग, यौनिकतथा तेस्रो लिङ्गी सहितका परिवार को संरक्षण तथा आत्मनिर्भरताका ठोस कार्यक्रम संचालन गरिनेछ ।

८. एकल, सिमान्तकृत वर्गका महिलाको आत्मनिर्भरता का लागि बाखा तथा सुंगुर पैचो कार्यक्रम संचालन गरी आय स्तरमा वृद्धि का कार्यक्रम ल्याइनेछ ।

९. सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी अनुगमनको व्यवस्था मिलाइनेछ।

१०. गाउँ प्रोफाइल व्यवस्थित गर्न प्रत्येक वडाको वडा प्रोफाइल श्रोत तयार गर्ने, नक्शा तयार गर्ने, विपन्न वर्ग पहिचान, गरिबी नक्शांकण गर्न पालिकाका सबै संरचनामा कम्तिमा ४० प्रतिशत महिला सहभागिता हुनु पर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ।

११. मानव बेचविखन न्यूनिकरण को लागि तालिम, सचेतनामूलक कार्यक्रम संचालन र पुर्नस्थापना तथा उद्दारका निम्ति महिला सेवा केन्द्रकोसंचालन गरिनेछ

१२. बालबालिकाको सर्वोत्तम हित लाई प्राथमिकता का रूपमा ध्यान दिइनेछ।

१३. उद्दारका निम्ति महिला सेवा केन्द्र को

१४. बाल विवाह विरुद्धको अभियान लाई निरन्तरता दिदै त्यसमा बाल क्लब र बाल समूह लाई आवद्ध गराइनेछ।

१५. सामुदायिक, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुको स्थापना, स्वीकृति संचालन, नियमन र व्यवस्थापनका लागि एकद्वारप्रणाली अपनाउने र गाउँपालिका का आवश्यकता र प्राथमिकता का क्षेत्रमा मात्र त्यस्ता संघ संस्थालाई संलग्न गराउने नीति अवलम्बन गरिनेछ।

१६. ज्येष्ठ नागरिकलाई सम्मान तथा एक अर्काको सम्मान अनुभव आदान प्रदान गरी मुहारमा मुस्कान ल्याउन वातावरण सृजना गर्न ज्येष्ठनागरिक मिलन केन्द्रको स्थापना गरिनेछ।

१७. ज्येष्ठ नागरिकको लागि धार्मिक देश दर्शन को कार्यक्रम ल्याइनेछ।

१८. प्रादेशिक कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा स्थापित लैगिक हिंसा निवारण कोष लाई थप व्यवस्थित गरिनेछ।

१९. प्रदेश सरकार, स्थानीय सरकार र करुणा फाउण्डेसन नेपाल विच भएको त्रिपक्षिय साझेदारीमा संचालित अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम लाई निरन्तरता दिई कार्यक्रम अन्तर्गत का क्रियाकलाप लाई व्यवस्थित रूपमा लागू गर्न अनुगमन प्रणाली लाई सशक्त बनाइने छ।

२०. राज्यबाट जारी भएका समावेशीकरण नीति लाई पूर्णरुपमा आत्मसाथ गरिनेछ।

२१. संघीय सरकार का सहयोगमा संचालित राष्ट्रपति महिला उत्थान कार्यक्रम लागू गर्नका लागि पहल गरिनेछ

२२. विपन्न, पिछडिएका, दलित तथा एकल महिलाको लागि आय आर्जन, क्षमता विकास र सशक्तिकरण गर्न कार्यक्रमहरुको पहिचान गरीकार्यान्वयन गरिनेछ।

२३. महिला शिक्षामा रहेका विभेदलाई निरुत्साहित गर्न विभिन्न कार्यक्रमहरुको तर्जुमा गरिनेछ

२४. महिला नेतृत्व विकास तथा क्षमता अभिवृद्धीका लागि गोष्ठि, सेमिनार तथा तालिम को संचालन गरिनेछ।

## १४. युवा तथा खेलकुद नीती:

१. स्थानीय विकासमा यूवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक समाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सृजना गर्ने युवा सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनेछ

२. छुवाछुत, दाइजो, जातिय तथा लैङ्गिक भेदभाव, अन्धविश्वास, कुसंस्कार जस्ता कुरीति हटाई समाजका रुपान्तरणहरुमा यूवाहरु लाईप्रोत्साहन गरिनेछ।

३. विपद, महामारी, सरसफाई तथा वातावरण संरक्षण, विकास निर्माण कार्य र चेतना अभिवृद्धी का लागि यूवा हरु लाई परिचालन गरिनेछ ।
४. यूवाहरुलाई स्वरोजगारका लागि विशेष शिप र क्षमता प्रदान गरी उत्पादन मुखी काममा संलग्न गराई आय स्तरमा वृद्धिको कार्यक्रम ल्याईनेछ ।
५. दुव्यर्सन मुक्त र सृजनशील युवा अभियान संचालन गरिनेछ ।
६. स्वदेश तथा विदेशमा कामगर्न इच्छुक बेरोजगार यूवाहरु केन्द्रित शिप विकास तालिम संचालन गरिनेछ ।
७. खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र गाउँपालिका स्तरीय खेल मैदा निर्माणका लागि आवश्यक व्यवस्था मिलाइनेछ।
८. यूवा केन्द्रित सुरुआती पूँजी को व्यवस्था गरी प्रत्येक वडामा यूवा केन्द्रित उद्यम व्यवसायको व्यवस्था मिलाइनेछ ।
९. वडा तथा गाउँ स्तरीय युवा संजालको गठन गरी युवा वर्गको उत्थान र विकासमा परिचालन गरिनेछ

**१५. शान्ति सुरक्षा सम्बन्धी नीती :**

१. विभिन्न जात जाति, धर्म संस्कृति र सम्प्रदाय विच पारस्परीक सदभाव, सहिष्णुता र ऐक्यवद्धता कायम गरी एकता प्रबर्द्धन गरिनेछ
२. राज्यका विभिन्न अंगहरु सँग समन्वय गरी शान्ति सुव्यवस्था कायम गरिनेछ।
३. बर्जु गा.पा. अन्तर्गत इलाका प्रहरी अस्थाई प्रहरी चौकी, सीमा सुरक्षा बल लगायत सुरक्षा निकायहरुलाई समय सापेक्ष सुद्धिकरणमा सहयोग गरिनेछ
४. भु-उपभोग, भुमि व्यवस्थापन तथा व्यवस्थित बसोबास निति लिईनेछ ।

**१६. प्राकृतिक श्रोतको संरक्षण,सम्वर्द्धन र उपयोग नीति:**

१. प्राकृतिक तथा बौद्धिक सम्पतीको संरक्षणका लागि स्थानीय तथा आधुनिक ज्ञाण शिप अवलम्वन गरिनेछ ।
२. गाउँपालकामा उपलब्ध प्राकृतिक श्रोत साधन को संरक्षण र सम्बर्द्धन र वातावरण अनुकूल दिगो रुपमा उपयोग गर्ने र स्थानीय समुदाय लाई प्राथमिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
३. सार्वजनिक स्थलमा रहेका गाउँपालिको क्षेत्राअधिकार भित्र पर्ने ताल,पोखरी,दह,वन ,जंगल आदि जस्ता प्राकृतिक श्रोत सम्पदा को संरक्षण संवर्द्धन र प्रवर्द्धन गर्दै गाउँ पालिका र वडा कार्यालयको आर्थिक श्रोतको वृद्धी र विकास गरिनेछ ।
४. संघिय एंव प्रादेशिक कानून बमोजिम प्राकृतिक श्रोत साधन,सेवा शुल्क र रोयलटी संकलन को विधि तयार गरी सो को समन्वय र सहजिकरण गरिनेछ ।

**१७. श्रम र रोजगार नीती :**

१. सबैले काम गर्न पाउने तथा सबैले काम पाउने अवस्था सुनिश्चित गर्न सामाजिक आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्ति लाई दक्ष व्यावसायिक बनाउन विभिन्न शीपमूलक आयमूलक कार्यक्रम संचालन गरी स्वरोजगार बनाउने र स्वदेशमानै रोजगारी अभिवृद्धी गर्ने वातावरण सृजना गरिनेछ ।

२. बाल श्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने विशेष नीति लिइनेछ।

३. वैदेशिक रोजगारिमा जाने यूवतीहरु बेचिन, ठगिन बाट जोगाउन भन्नका लागि वैदेशिक रोजगारी सम्बन्धी विभिन्न सचेतनामूलक कार्यक्रम संचालनगरिनेछ।

४. श्रमिकहरुको समस्या समाधान गर्नका लागि वडामा अभिलेख राखिनेछ र श्रम व्यवस्थापन समिति हरेक वडामा वडाअध्यक्षको अध्यक्षतामा गठन गरिनेछ ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यूवा यूवतीहरु लाई सेवामुखी र उत्पादन मुखी र र परिमाणमुखी काममा सहभागी गराइनेछ।

६. निर्माण क्षेत्रमा अधिकृत रोजगारी सृजना हुने गरी श्रम प्रधान प्रविधिको प्रयोगमा जोड दिइनेछ।

७. बेरोजगारी अवस्थाको तथ्यांक संकलन सूचना प्रणाली को विकास एवं रोजगारी सूचनाकेन्द्र को स्थापना गरिनेछ ।

८. श्रमिक र उद्यमी व्यवसायी विच सुसम्बन्ध कायम राख्दै व्यवस्थापनको श्रमिकको सहभागिता लाई प्रोत्साहन गर्दै लगिनेछ ।

९. प्रधानमन्त्री स्वरोजगार कार्यक्रम सेवा क्षेत्र कार्यको स्वरुप छुट्टै कार्यविधि तर्जुमा गरी कार्यावन्यन गरिनेछ।

**१८. वीधुतीयः**

१. विद्युत नपुगेका गाउँ टोल बस्तीको पहिचान गरी १ वर्ष भित्र पूर्ण विद्युतीकरण क्षेत्र को रुपमा स्थापित गरिनेछ ।

२. विद्युतीय चुल्हो उपयोगका लागि जनजागरुकता अभियान लाई तिव्रताका साथ प्रचार प्रसार गरिनेछ ।

३. विभिन्न चौक,सड़क सघन बस्तीहरुको विद्युत पोलमा सडक बत्ती को व्यवस्था गरिनेछ।

**अन्त्यमा,**

बर्जु गा.पा.को अग्रगामी दृष्टिकोण सहित आर्थिक वर्ष २०८०/०८१ को नीती तथा कार्यक्रम प्रस्तुत गरिएको हो । यसः नीती तथा कार्यक्रमको कार्यान्वयन गर्ने मूल दायित्व तथा कर्तव्य स्थानीय सरकारको रहेको छ । जनाधारको अभिमत र सामाजिक तथा आर्थिक परिवर्तनलाई रुपान्तरणको खाकातिर लैजान योजना र सोचका साथ आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु । प्रस्तुत नीति तथा कार्यक्रम बर्जु गाउँपालिकाको भविष्यको मार्गदर्शक दस्तावेज हो । पालिकालाई समृद्ध बनाउन सबै पालिकाबासीहरुको आ-आफ्नो ठाउँबाट उत्तिकै महत्वपूर्ण भुमिका छ । यो नीति तथा कार्यक्रम सरकारी, गैर सरकारी, निजी, सहकारी लगायत विकासका सबै साझेदार वा पक्षधरको लागि मार्गचित्र हो । पालिकाको विकास सबै नागरिकको सर्वाङ्गिन क्षेत्रको विकास हो । यसैले पालिकाबासीको विकास

निर्माणका काममा आ-आफ्नो क्षेत्रबाट सहयोग पुयाउनु हुन र रचनात्मक सुझाव, सल्लाह दिनुहुन आम पालिकाबासीहरुलाई हार्दिक आग्रह गर्दै बिदा हुन चाहन्छु ।

धन्यवाद ।

जिवछ कुमार राय
अध्यक्ष
बर्जु गाउँपालिका, सुनसरी